नेपाल सरकार

फोन न. ०१४२००३०४

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## स्थानीय तह समन्वय शाखा

## सिंहदरबार, काठमाडौं

प.सं. : ०७४/७५

मिति : २०७५/१२/१७

च.नं. ५४६

**विषय:** प्रशिक्षक प्रशिक्षण तालिमको लागि सहभागी छनौट सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
पाँचथर, उदयपुर, खोटाङ, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, वारा, पर्सा, नवलपरासी (वर्दघाट सुस्ता पुर्व), नवलपरासी (वर्दघाट सुस्ता पश्चिम), कपिलबस्तु, वर्दिया, रुकुम (पुर्व), रुकुम (पश्चिम), रोल्पा, जाजरकोट, दैलेख, हुम्ला, जुम्ला, कालिकोट, डोल्पा, मुगु, बझाङ, अछाम, वैतडी, डडेल्धुरा, बाजुरा, डोटी (३१ जिल्ला)

प्रस्तुत विषयमा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम (TOT) प्रदेश स्तरमा संचालन गर्न लागिएकोले तालिममा सहभागी गराउन देहाय अनुसार सहभागीको विवरण ५ (पाँच) दिन भित्र उपलब्ध गराईदिनुहुन आदेश अनुसार अनुरोध छ ।

**सहभागि संख्या**

| जिल्ला | सहभागि संख्या |
|---|---|
| रुकुम (पुर्व), रुकुम (पश्चिम), मुग जिल्ला | १/१ जना |
| उपर्युक्त बाहेकका बाँकी जिल्लाहरु | २/२ जना |

**सहभागि छनौटको आधारहरु**

१. जिल्ला भित्रको स्थानीय तहमा समायोजन भएको अधिकृत स्तरको कर्मचारी ।
२. बहुक्षेत्रीय पोषण योजनाको जिल्ला स्तरमा फोकल पर्सन वा यस्तै कुनै जिम्मेवारीमा रही विगतमा कार्य गरेको र बहुक्षेत्रीय पोषण योजना सम्बन्धी ज्ञान भएको ।
३. जिल्ला भित्र र आवश्यक परेमा जिल्ला वाहिरका स्थानीय तहमा जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि आयोजना हुने तालिममा सहजीकरण एवं व्यवस्थापन गर्न सक्ने ।
४. सकभर जिल्ला भित्र बोलिने स्थानीय भाषाको ज्ञान भएको ।

.........................
जनकराज शर्मा
शाखा अधिकृत

**नोट :** प्रदेश नं. २ को मा प्रशिक्षक प्रशिक्षण तालिम मिति २०७५/१२/२६ गते देखि २८ गते सम्म तालिम संचालन गर्ने गरी तयारी भईरहेको छ भने अन्य प्रदेशको मिति पछि जानकारी गराईनेछ ।

**बोधार्थ :**
श्री सूचना प्रविधि शाखा : वेवसाईटमा अपलोडको लागि ।
श्री जिल्ला संयोजक/ फिल्ड सुपरभाईजर, बहुक्षेत्रीय पोषण योजना : सहभागी छनोट गरी नामावली पठाउने कार्यमा जिल्ला समन्वय समितिको कार्यालयलाई सहयोग र सहजीकरण गर्नुहुन ।